## बकैया गाउँकार्यपालिकाको मिति २०७५।८।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. नदीजन्य उपजको संकलन तथा बिक्रीको ठेक्का सम्बन्धमा :-

बकैया गाउँपालिकाका विभिन्न खोला तथा खहरे क्षेत्रहरुबाट ढुङ्गा गिट्टी बालुवा लगायत नदिजन्य उपजको व्यवस्थित उत्खनन कार्यको लागि गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन जिल्ला समन्वय समिति मकवानपुरबाट मिति २०७५।८।११ मा स्विकृत भइसकेकोले नदि जन्य पदार्थ संकलन तथा बिक्रिलाई व्यवस्थित गर्न मिति २०७५।८।१८ मा बसको बकैया गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको निर्णयले सिफारिस गरे बमोजिम संकलन परिमाण र न्यूनतम ठेक्का कबोल अंक कायम राखी संकलन र बिक्रिको लागि एकमुष्ठ ठेक्का प्रकृया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

### २. स्वास्थ्य इकाई निर्माण सम्बन्धमा:-

बकैया गाउँपालिकाले चालु आर्थिक वर्ष २०७५।७६ मा स्वास्थ्य कार्यक्रम तर्फ विनियोजन गरेको रकमबाट र प्रदेश नं ३ सरकारले गाउँपालिकालाई शशर्त अनुदान अन्तर्गत विनियोजन गरेको स्वास्थ्य तर्फको सामुदायिक स्वास्थ्य इकाइ निर्माण शिर्षकको रकमबाट बकैया-६ जुइना र बकैया-१ महादेवडाँडामा सामुदायिक स्वास्थ्य इकाइ र बर्थिङ्ग सेन्टर निर्माण गरी संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

### ३. समपुरक कोषबाट संचालन हुने योजना सम्बन्धमा:-

नेपाल सरकारले जारी गरेको 'समपुरक अनुदान सम्बन्धी कार्यविधी, २०७५' बमोजिम गाउँपालिका, संघीय सरकार तथा प्रदेश सरकारको सहभागीता हुने गरी बकैया गाउँपालिकाबाट तपशिल बमोजिम योजनाहरु छनौट गरी प्रस्ताव गर्ने तथा गाउँपालिकाको समपुरक कोषबाट तपशिल बमोजिमकै हिस्सा व्यहोरी योजना प्रस्ताव गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिल

| क सं | योजनाको नाम | गापाबाट २०७५।७६ को लागि स्विकृत रकम | प्रदेश सरकारबाट २०७५।७६ को लागि स्विकृत रकम | गापाको आ व २०७५।७६ को समपुरक कोषबाट व्यहोरीने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | हात्तिसुँडे शिखरपुर मन्थली सडक | ७०,००,०००।०० | ४०,००,०००।०० | | |
| २ | भिरकोट तिनभंगाले सानो हाँडी विजलडाँडा सडक | ३८,००,०००।०० | ३०,००,०००।०० | ५०,००,०००।०० | |
| ३ | घुम्तीमोड थली जुरेली सडक | | ४०,००,०००।०० | ५०,००,०००।०० | |

### ४. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि २०७५ सम्बन्धमा:-

नेपाल सरकारले नमुना कार्यविधीको रुपमा स्थानीय तहलाई प्रदान गरेको 'अपाङ्गता भएका व्यक्तीको परिचय-पत्र वितरण कार्यविधी, २०७५' लाई पारित गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. आयोजना विस्तृत प्रतिवेदन(DPR) तयार सम्बन्धमा:-**

बकैया गाउँपालिकाका तपशिल बमोजिमका योजनाहरुको आयोजना विस्तृत प्रतिवेदन(DPR) तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

क) भिरकोट तिनभंगाले सानो हाँडी बिजलडाँडा सडक

ख) घुम्तीमोड थली जुरेली सडक

ग) कालीदमार वाइवालोसे कान्तीलोकपथ सडक

**६. प्राविधिक कर्मचारी सम्बन्धमा:-**

बकैया गाउँपालिका भित्र संचालन हुने योजनाहरुलाई सहज बनाउन थप एक प्राविधिक कर्मचारी(सब-ईन्जिनियर) सेवा करारमा लिने जसको लागि नयाँ विज्ञापन प्रकाशन नगरीकन नै गाउँपालिकाले अन्तिम पटक सोहि प्रकृतीको पदको लागि विज्ञापन मार्फत छनौट गरी वैकल्पिक उम्मेदवारको सूचीमा राखेको उम्मेदवारहरु मध्येबाट करार सम्झौता गर्न सक्ने गरी सर्वसम्मत निर्णय गरियो ।

**७. कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा:-**

बकैया गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई तपशिल बमोजिम सेवा सुविधा प्रदान गर्ने निर्णय गरियो ।

१. बकैया गाउँकार्यपालिकाको २०७४।१०।५ मा आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु(इन्जिनियर/सबइन्जिनियर/ओभरसियर)लाई मासिक ९ हजार र ८ हजार फिल्ड भत्ता उपलब्ध गराउने गरी निर्णय भएकोमा आर्थिक वर्ष २०७५।७६ को लागि प्रति व्यक्ती रु १२ हजार फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो।

२. वडा कार्यालयहरुमा टेलिफोन सेवा उपलब्ध नभएका वडा कार्यालयको हकमा वडा सचिवलाई मासिक रु ५०० सञ्चार सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

३. बकैया गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई निजले कार्यालयको कामकाजमा व्यक्तीगत सवारी साधनको प्रयोग गरेको भएमा निजलाई सामान्यतया प्रति महिना १० लिटर इन्धन सुविधा उपलब्ध गराउने निर्णय गरियो । तर त्यसरी इन्धन उपलब्ध गराउँदा प्रमुख प्रशासकीय अधिकृतले कामको प्रकृती र बोझ हेरी त्यस्ता कर्मचारीहरुलाई सो भन्दा थप गरी वा कम गरी इन्धन उपलब्ध गराउन सक्ने गरी निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

कर्मोदर खनाल
अध्यक्ष